# धुलिखेल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोक
## विभिन्न विषयमा सेवा शुल्क उठाउने सम्वन्धी शिलवन्दी वोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०७९।३।२१**

यस नगरपालिकाको विनियोजन ऐन तथा सार्वजनिक खरिद नियमावली २०७५ को दफा १३८ वमोजीम देहाय वमोजीमको क्षेत्रमा देहाय वमोजीम ठेक्का व्यवस्थापन गर्नु पर्ने भएकोले देहाय वमोजीमका शर्तहरुको अधिनमा रहि उक्त कार्य गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघटने गरि वोलपत्र फाराम खरिद गरि शिलवन्दी गरि पेश गर्न सूचना प्रकाशित गरिएको छ । रित नपूगी या म्याद भित्र प्राप्त हुन नआएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्वन्धी विवरण**

| सि.नं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. ०७९।८० का लागी कायम न्यूनतम अंक | वोलपत्र फाराम दस्तुर | स्वीकृत शुल्कको दररेट |
|---|---|---|---|---|---|
| १. | १/IR-०७९।८० | हजार सिंढी देवीस्थान पार्क प्रवेश शुल्क र सडक उपयोग सेवा शुल्क | १५,०८,०००।०० | १,०००।०० | **सिंढी तथा पार्क प्रवेश शुल्क**<br>१.सवारी साधन भित्र वा पैदल हिंडने व्यक्ति रु.२०।-<br>२.सवारी साधन भित्र वा पैदल हिंडने विद्यार्थी रु १०।-<br>३. सार्क राष्ट्र भित्रका पर्यटक रु. ५०।-<br>४.सार्क राष्ट्र वाहेकका पर्यटक रु. १००।-<br>**सडक उपयोग सेवा शुल्क**<br>१.वस,ट्रक,लहरी रु. ५०।-<br>२.मिनि वस, मिनी ट्रक, ट्रयाक्टर रु ३०<br>३. कार,जीप,डेलिभरी भ्यान, पावर टेलर, टयाम्पु रु.२०। |
| २ | २/IR-०७९।८० | तल्लो वसपार्क (Prince Hotel) देखि अरनिको शालिक सम्म धुलिखेल वसपार्क पाकिंङ्ग शुल्क | १२,१५,०००।०० | १,०००।०० | **स्वीकृत पाकिङ्ग दररेट दैनिक**<br>१.वस,ट्रक,लहरी रु. ६०।-<br>२.कार,जीप,ट्रयाक्टर रु.३०।-<br>३.मोटर साईकल, स्कुटर, टयाम्पो, ठेलगाडा, रिक्सा रु. १०।- |
| ३ | ३/IR-०७९।८० | काभ्रेभज्यांग दाप्चा सडक उपयोग सेवा शुल्क | ३,७०,०००।०० | १,०००।०० | ट्रक, वस,हेभी ट्रयाक्टर रु ५०।-<br>मिनिवस, मिनि ट्रक, ट्रयाक्टर रु ३०।-<br>कार,जीप,भ्यान,पावरटेलर,टेम्पो रु. २०।- |

१. बोलपत्र फाराम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथ लिखित निवेदन संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन को कार्यालय समय भित्र प्रत्येक विषयको छुट्टा छुट्टै राजश्व तिरि धुलिखेल नगरपालिकाको कार्यालय काभ्रेपलाञ्चोकको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं)औं दिनको १२:०० वजे भित्र प्रत्येक विषयको छुट्टा छुट्टै खाममा शिलवन्दी गरि यस कार्यालयमा दाखीला गर्न सकिनेछ । दाखिला भएका

बोलपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद गर्ने तथा दाखीला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा उक्त काम हुने छ ।

४. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **राष्ट्रिय वाणिज्य बैंक, धुलिखेल शाखामा** रहेको धरौटी हिसाव नं. १०४००३०३००००० खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा ९० (नव्वे) दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानी-पत्र (**Bank Bid Bond**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५. बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५ प्रतिशत रकम नगदै तथा बांकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै रकमको कार्यसम्पादन जमानीपत्र सहित संभौता गर्न आउनु पर्नेछ

७. ठेकेदारले संभौतामा तोकीएको विषय क्षेत्रमा यस कार्यालयवाट स्वीकृत दर रेटमा मात्र तोकिएको विषयको शुल्क असुल गर्न पाउनेछ ।

८. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको भै-भमेला पर्न आएमा सो को समाधान गर्न धुलिखेल नगर कार्यपालिकाले निर्णय गर्नेछ र उक्त निर्णय मान्य हुनेछ ।

९. सेवा शुल्क उठाउने सम्पुर्ण दायीत्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजीम तिर्नपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले वुझाउनु पर्नेछ ।

१०. सवारी साधनमा सेवा शुल्क उठाउंदा सरकारी तथा अर्ध सरकारी संघ संस्था, दातृ निकाय तथा कुटनैनिक नियोगको सवारी साधनहरु, एम्वुलेन्स र शव वाहनमा सडक उपयोग सेवा शुल्क असुल गर्न पाईने छैन ।

११. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले वाहेक अन्य कुनै किमिको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलीत कानून बमोजिम हुनेछ ।